स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र 'एक्स ९'को तयारीमा रहेका अभिनेता अनमोल केसीले नयाँ चलचित्र साइन गरेका छन् । चलचित्र 'एक्स ९'को छायांकन अनिश्चित बनेपछि अनमोलले दिवाकर भ राईको निर्देशनमा बन्न लागेको नयाँ चलचित्र 'हनी बनी'का लागि लिखित सम्झौता गरेका हुन् । दिवाकरले यो चलचित्र निर्माणको घोषणा केही समय अगाडि गरेपनि नायक र नायिकाको खोजी भने गरिरहेका थिए । उनले केही दिनअघि मात्र अनमोलसँग लिखित सम्झौता गरेका हुन् ।

**आजको विचार...**



राजेन्द्र पन्थी

**राजनीतिलाई...**

(दुई पेजमा)

गीत 'बाँचे पो जिन्दगी' सार्वजनिक भएको छ । भोलुम अन अफिसियल युट्युब च्यानलमार्फत रिलिज गरिएको गीतमा आवाज रामकुमार नेपाली, सञ्जय श्रीपाल र पबिन्द्र सुनारको रहेको छ । गीतको शब्द अमृत भारतीले कोरेका हुन् । क्रान्ति केसीको निर्देशन रहेको गीतको भिडियोमा प्रकाश सपुत, पुष्पराज अवस्थी, राधा श्रेष्ठ, सालिक भण्डारी, सन्तोष खनाल, नीराजन केसी लगायतलाई फिचरिङ गरिएको छ । उत्सव दाहालले खिचेको भिडियोलाई निर्देशक स्वयमलेनै सम्पादन गरेका छन् ।



❒ वर्ष २७ ❒ अंक २०० ❒ २०७८ माघ २८ गते शुक्रबार 11 February 2022, Friday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### आगोले जलेर वृद्धाको मृत्यु

**पाल्पा,** माघ २७/जिल्लामा आगो ताप्ने क्रममा जलेर एक वृद्धाको मृत्यु भएको छ । आफ्नै घरमा आगो ताप्ने क्रममा बगनासकाली गाउँपालिका २ पोखराथोककी ७३ वर्षीया गौकुमारी श्रेष्ठको मृत्यु भएको हो । गत माघ १८ गते घरमै बसेर आगो ताप्दै गर्दा अचानक दुवै खुट्टा र हात जल्न गई घाइते भएकी श्रेष्ठको उपचारको क्रममा मिसन अस्पतालमा माघ २७ गते अर्थात् बिहीबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# सैनिक संग्रहालय दरबारलाई

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ २७/तानसेनमा नेपाली सेनाको गोरखदल गणले बनाएको सैनिक संग्रहालय हस्तान्तरण गरिएको छ । पाल्पा दरबार संग्रहालयको माथिल्लो तलामा सेनाले स्थापना गरेको सैनिक संग्रहालय पाल्पा दरबार संग्रहालयलाई बिहीबार हस्तान्तरण गरिएको हो । सेनाले संग्रहालयको सम्पूर्ण काम सकेर व्यवस्थापन र सञ्चालनका लागि दरबार संग्रहालयलाई दिएको छ । गोरख दल गणका गणपति जनककुमार बस्नेतले डिभिजन वन कार्यालय पाल्पाका प्रमुख दीपक ज्ञवालीलाई सैनिक संग्रहालयको आवश्यक कागजात हस्तान्तरण गरेका छन् । यो संग्रहालय झण्डै १ करोड २५ लाख लागतमा निर्माण भएको जनाइएको छ । लुम्बिनी प्रदेश सरकार र नेपाली सेनाको वार्षिक विनियोजित रकमबाट उक्त संग्रहालय निर्माण गरिएको हो । गोरखदल गणको अगुवाईमा निर्माण भएको संग्रहालयको गत मंसिर १४ गते नेपाली सेनाका प्रधानसेनापति महारथी प्रभुराम शर्माले उद्घाटन गरेका थिए । संग्रहालयको केही काम बाँकी रहेकाले सेनाले अहिले मात्र दरबार संग्रहालयलाई हस्तान्तरण गरेको हो । हस्तान्तरण कार्यक्रममा तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाही र २२ नं. बाहिनी अड्डाका सहायक रथी टिकाराम गुरुङको समेत उपस्थिति रहेको थियो ।



संग्रहालयमा नेपाली सेनबाट प्राप्त महत्वपूर्ण ऐतिहासिक दस्तावेज, हातहतियार, पोशाक तथा तस्वीरहरु राखिएको गोरख दल गणका गणपति जनककुमार बस्नेतले बताए । उनले नेपाली सेनाको इतिहास र परिचय बुझ्न संग्रहालय महत्वपूर्ण दस्तावेज बन्न सक्ने विश्वास व्यक्त गरे । सैनिक संग्रहालयमा सेनाको इतिहासका साथै वीर गोर्खा फौज र अंग्रेज सेनाबीच विक्रम संवत् १८७१ मा भएको लडाइँलाई स्मरण गराउने सामग्री राखिएको छ । तत्कालीन समयमा गोर्खा फौजले इस्ट इण्डिया कम्पनीका अंग्रेज फौजलाई हराएको जितगढी, नुवाकोट गढी किल्लाका सम्झनामा सामग्रीहरु राखिएको पाइन्छ । संग्रहालयभित्र तत्कालीन समयमा सेनाले प्रयोग गरेका घरेलु हातहतियार, तोप, गोला, दस्ताबेज, युद्वकालीन समयमा घरेलु सेना र अंग्रेज सेनाको पोशाक प्रदर्शनलगायत संग्रहित गरी राखिएको गोरखदल गण पाल्पाले जनाएको छ । यहाँ सेनाका ऐतिहासिक बहादुर पूर्वजहरु पृथ्वीनारायण शाह, वीर योद्धहरु कालु पाँडे, रामकृष्ण कुँवर, वंशराज पाण्डे, केहरसिंह बस्नेत, अभिमानसिंह बस्नेत र दामोदर पाण्डे लगायतको तस्बिर समेत राखिएको छ । सेनाका परमाधिपतिहरुको तस्वीर, कमाण्डर ईन चिफ र प्रधान सेनापतिहरुको पनि यहाँ तस्वीर सजाइएको छ ।




## पाल्पामा थप ९२ जना संक्रमणमुक्त

**पाल्पा,** माघ २७/जिल्लामा पछिल्लो २४ घण्टामा थप ९२ जना कोरोना संक्रमित संक्रमणमुक्त भएका छन् । आइसोलेसन तथा विभिन्न अस्पतालमा उपचार गराइरहेका जिल्लाका ६६ जना महिला र २६ जना पुरुष संक्रमित कोरोनामुक्त भएका हुन् ।

स्वास्थ्य कार्यालय पाल्पाले बिहीबार सार्वजनिक गरेको नियमित कोरोना अपटेडमा तानसेन नगरपालिकाका ६६, माथागढी गाउँपालिका, बगनासकाली गाउँपालिकाका ५/५, रिब्दीकोट गाउँपालिकाका ४, रामपुर नगरपालिका, रम्भा गाउँपालिकाका ३/३, रैनादेवी छहरा गाउँपालिका, तिनाउ गाउँपालिकाका २/२ र निस्दी गाउँपालिका, पूर्वखोला गाउँपालिकाका १/१ जना संक्रमितले कोरोना जितेको पाइएको हो । योसँगै जिल्लामा निको हुने संक्रमितको संख्या ११ हजार ६ सय ६२ पुगेको छ । जसमा ५ हजार २ सय ६० महिला र ६ हजार ४ सय २ जना पुरुष रहेका छन् । यस्तै पछिल्लो २४ घण्टामा १८ जना नयाँ कोरोना संक्रमित थपिएका छन् । ७ जनाको पीसीआर परीक्षणमा ४ जनामा संक्रमण देखिएको छ । तानसेन, बगनासकाली, रम्भा र माथागढीका १/१ जनामा संक्रमण देखिएको हो । यो सँगै पीसीआर परीक्षणबाट संक्रमित हुनेको संख्या ६ हजार ९ सय ५३ पुगेको छ । जसमा २ हजार ७ सय ८६ महिला र ४ हजार १ सय ६७ पुरुष रहेका छन् । यस्तै एन्टिजेन परीक्षणमा १४ जनामा संक्रमण देखिएको छ । तानसेनका ५, रैनादेवी छहराका ३, रामपुरका २, माथागढी, पूर्वखोला, रम्भा र बगनासकालीका १/१ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ । योसँगै जिल्लामा एन्टिजेन परीक्षणबाट संक्रमण हुनेको संख्या ५ हजार २ सय २४ पुगेको छ । जहाँ २ हजार ६ सय ९३ जना महिला र २ हजार ५ सय ३१ जना पुरुष रहेको स्वास्थ्य कार्यालयको तथ्याङ्कमा उल्लेख छ । जिल्लामा अहिलेसम्म २ सय ५० जना सक्रिय संक्रमित रहेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## भ्रष्टाचार गर्नेलाई कारवाही गर

देशको अर्बुद रोग बनेको भ्रष्टाचार दिन प्रतिदिन बढ्दो छ । व्यक्तिगत फाइदाको निमित्त सार्वजनिक हैसियतको दुरुपयोग गर्नु नै भ्रष्टाचार हो । यो निजी स्वार्थ र हितमा राज्य शक्तिको दुरुपयोग गराउने गम्भीर अपराध हो । यो गर्छु कसैले नभन्ने तर गर्न कसैले बाँकी नराख्ने कर्म भएको छ भ्रष्टाचार । यसलाई अविलम्ब नियन्त्रण गर्नुपर्छ । केही दिन अघि मात्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चुनढुंगा खानी उत्खननमा भ्रष्टाचार भएको ठहर गर्दै पाल्पाका चार खानी उद्योग सहित नौ उद्योगलाई भ्रष्टाचार मुद्दा दायर गरेको छ । राष्ट्रिय रुपमै खानी तथा भूगर्भ विभागका विभिन्न कर्मचारी, व्यापारीहरुको मिलेमतोमा खानी उद्योगमा भ्रष्टाचार भएको ठहर आयोगले गरेको छ । उसले गैरकानुनी र तोकिएको भन्दा बढी चुनढुंगा उत्खनन तथा दोहन गरेको आरोपमा नौ जना कर्मचारी, नौ ओटा सिमेन्ट उद्योगका सञ्चालक र नौ ओटा कम्पनीलाई विपक्षी बनाएर मुद्दा दायर गरेको हो । अख्तियारले उनीहरु विरुद्ध १ अर्ब २४ करोड ४५ लाख २६ हजार ६ सय ४३ रुपैयाँ विगो कायम गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

पाल्पामा सञ्चालित सिद्धार्थ मिनिरल्स प्रालि, सर्वोत्तम सिमेन्ट प्रालि, डोलामाइड चुनढुंगा प्रालि र कञ्चन क्वारिज खानी उद्योगविरुद्ध आयोगमा मुद्दा दायर भएको छ । यसैगरी अख्तियारले मारुती सिमेन्ट, अन्नपूर्ण क्वेरिज प्रालि, उदयपुर मिनरल्स टेक प्रालि, युनाइटेड सिमेन्ट प्रालि, सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड र त्यसका सञ्चालक विरुद्ध मुद्दा दायर गरेको छ । त्यस्तै अख्तियारले विभागका महानिर्देशक र उपमहानिर्देशक सहित अन्य कर्मचारीलाई समेत प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ । अख्तियारको यो कदम आफैमा प्रशंसनिय छ । तर अख्तियारले मुद्दा दायर गर्दैमा आफ्नो कर्तव्य पुरा हुँदैन । त्यसका लागि भ्रष्टाचार गर्नेहरुलाई कानुनी कठघारमा ल्याई कारवाहीको प्रक्रिया अगाडि बढाउन तदारुकता देखाउनै पर्छ । तर, आयोग 'ठूला माछा'को मतियार या उनीहरुलाई कुनै कारवाही नगर्ने निकाय बनेको उसका विगतका आचरणले देखाएको छ । यो भने दुखको कुरा हो । किनकि मुलुकका राजनीतिक दलहरु अपारदर्शी खर्चमा चल्छन् र त्यसका नेतृत्व वर्गलाई भ्रष्टाचार तथा अन्य अपराधमा उन्मुक्तिको श्रीपेचको संरक्षण प्राप्त छ । जसले गर्दा नेपालमा भ्रष्टाचार एँजेरु जसरी मौलाएको छ । यसर्थ खानी उत्खननमा भ्रष्टाचार गरेकाहरुलाई मात्र होइन भ्रष्टचारसँग मुछिएका जो कोहीलाई कारवाहीको दायरामा ल्याउनै पर्छ ।

**Opinion @ Social Network**

कहाँ के बोल्दा कस्लाई कस्तो असर पर्छ भन्ने कुराको ज्ञान नहुने मान्छे नबोलेकै राम्रो कहिलेकाही बोली हतियार भन्दा धारिलो हुन सक्छ ।

*(पुनम शर्माको फेसबुकबाट https://www.facebook.com/Punam.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिलाई शुद्ध बनाऔं, राज्यका सबै अङ्गको दुर्गन्ध पखालौं



**राजेन्द्र पन्थी**

*नेपालको शैक्षिक अवस्थालाई उकास्नको लागि शैक्षिक क्षेत्रमा रहेको राजनीतिबाट भित्रिएको शैक्षिक दुर्गन्धलाई मिल्काउनु पर्छ र क्षमताका आधारमा प्रतिस्पर्धात्मक तरिकाले नियुक्त गर्नुपर्छ । राजनीतिको रङ्गबाट शिक्षा क्षेत्रलाई अलग नराखेसम्म जति चर्का नारा दिए पनि उन्नति प्रगति हुन सक्दैन । जनताको आधारभूत आवश्यकताको अर्को महत्वपूर्ण पक्ष भनेको स्वास्थ्य क्षेत्र हो । राज्यको एउटा संवेदनशील अङ्ग स्वास्थ्य क्षेत्र हो । तर यसमा पनि दुर्गन्धित राजनीतिको प्रवेश भएको छ । यसले राज्यलाई स्वस्थ्य बनाउला भन्दै आफै अस्वस्थ भएर थला परेको छ । नेपालको स्वास्थ्य प्रणाली सर्वसाधारणको पहुँचबाट धेरै टाढा र हेको छ । राज्यको स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको बोलवाला रहेको छ । सरकारी अस्पतालहरू राजनीति दुर्गन्धले सिकिस्त बिरामी छन् । दलको आवद्धताका आधारमा स्वास्थ्यकर्मीको नियुक्त, सरुवा र बढुवा हुन्छ । त्यसकारण पनि स्वास्थ्य क्षेत्र दुषित बनेको छ । नेपालका दूरदराजमा स्वास्थ्यकर्मीहरू र ाजनीति ओतका आधारमा जाँदैनन् । सर्वसाधारण नेपाली एउटा सामान्य रोग लाग्दा पनि औषधि उपचार पाउन नसकेर अकालमै मृत्युवरण गर्ने अवस्था छ ।*

नीतिहरूमा प्रमुख नीति राजनीति हो । राज्य सञ्चालनमा राजनीतिको महत्वपूर्ण भूमिका हुन्छ । राजनीति राज्यका सबै नीतिसित अन्तर सम्बन्धित रहेको हुन्छ । देशको समुन्नत विकास र प्रगतिको मुख्य भूमिका नै राजनीतिको हुन्छ । राजनीतिले राज्यका सबै नीतिलाई नियन्त्रण र निर्देशन गर्दछ । तर नेपालको सन्दर्भमा भने राजनीति दुर्गन्धित हुनाले सबै नीतिलाई दुर्गन्धित बनाएको छ । आज नेपालमा जे जस्ता विकृतिहरू देखा परेका छन् त्यसको मूल कारण भनेको राजनीतिमा भित्रिएको दुर्गन्ध नै हो । नेपालका दलहरूले राजनीतिलाई पेसा बनाई लुटिखाने भाँडो बनाए अनि राजनीति अराजनीति बन्यो । यसले राष्ट्रका सम्पूर्ण अङ्गलाई दूषित बनायो । नीतिको सर्वोपरि मानिने राजनीति नै दुर्गन्धित भएपछि यसले शिक्षा, स्वास्थ्य, प्रशासन, अर्थ, कानून, सञ्चार, परराष्ट्र आदि सरकारका कुनै पनि अङ्ग स्वच्छ र सफा हुन सकेका छैनन् । देश अनियमितता, भ्रष्टाचार, कामचोर, ढिलासुस्ती आदिजस्ता फोहरी खेलले पूरै दुर्गन्धित भएको छ । राज्यको कुनै अङ्ग शुद्ध र चोखो छैन । अनि देश कसरी विकासको गतिमा अगाडि बढ्न सकोस् । राज्यलाई विकसित बनाउन सबैभन्दा पहिले राजनैतिक हस्तक्षेपलाई अन्त्य गर्नुपर्छ ।

आम जनताको चेतनाको पहिलो आँखा खोल्ने भनेको शिक्षा हो । नेपालको शिक्षा क्षेत्र यति दुर्गन्धित बनाइएको छ कि राजनीतिक आस्थाका आधारमा विश्वविद्यालयको सर्वोच्च निकायमा दलको मान्छे नियुक्त गरिन्छ । जोसँग देशको शिक्षा नीति कस्तो हुनुपर्छ र शिक्षा प्रणालीलाई कसरी चलाउनु पर्छ भन्ने सामान्य ज्ञान पनि छैन उही व्यक्ति प्रमुख हुँदा राज्यले के पाउन सक्छ र ? देशका शैक्षिक संस्थामा राजनीतिक आस्थाका आधारमा आफ्ना मान्छेलाई भर्ना गरिएको छ । चाकरी, चाप्लुसी, नातावाद र कृपावादको हालीमुहाली छ अनि कसरी प्रगति होओस् । नेपालका प्राय: सबै सरकारी शैक्षिक निकायमा राजनीतिको दुर्गन्ध भित्रिएको छ। कुनै पनि शैक्षिक संरचनामा नयाँ नीति निर्माणको बहस छैन । शिक्षालाई कसरी सर्वसुलभ बनाउने भन्नेमा चिन्तन छैन । गुणस्तरीय शिक्षा दिलाउने बारेमा कुनै गोष्ठी र कार्याशाला हुँदैन अनि नेपालको शैक्षिक अवस्थामामा कसरी सुधार हुन सकोस् । नेपालको शैक्षिक अवस्थालाई उकास्नको लागि शैक्षिक क्षेत्रमा रहेको राजनीतिबाट भित्रिएको शैक्षिक दुर्गन्धलाई मिल्काउनु पर्छ र क्षमताका आधारमा प्रतिस्पर्धात्मक तरिकाले नियुक्त गर्नुपर्छ । राजनीतिको रङ्गबाट शिक्षा क्षेत्रलाई अलग नराखेसम्म जति चर्का नारा दिए पनि उन्नति प्रगति हुन सक्दैन । जनताको आधारभूत आवश्यकताको अर्को महत्वपूर्ण पक्ष भनेको स्वास्थ्य क्षेत्र हो । राज्यको एउटा संवेदनशील अङ्ग स्वास्थ्य क्षेत्र हो । तर यसमा पनि दुर्गन्धित राजनीतिको प्रवेश भएको छ । यसले राज्यलाई स्वस्थ्य बनाउला भन्दै आफै अस्वस्थ भएर थला परेको छ । नेपालको स्वास्थ्य प्रणाली सर्वसाधारणको पहुँचबाट धेरै टाढा रहेको छ । राज्यको स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको बोलवाला रहेको छ । सरकारी अस्पतालहरू राजनीति दुर्गन्धले सिकिस्त बिरामी छन् । दलको आवद्धताका आधारमा स्वास्थ्यकर्मीको नियुक्त, सरुवा र बढुवा हुन्छ । त्यसकारण पनि स्वास्थ्य क्षेत्र दुषित बनेको छ । नेपालका दूरदराजमा स्वास्थ्यकर्मीहरू राजनीति ओतका आधारमा जाँदैनन् । सर्वसाधारण नेपाली एउटा सामान्य रोग लाग्दा पनि औषधि उपचार पाउन नसकेर अकालमै मृत्युवरण गर्ने अवस्था छ । नेपालका स्वास्थ्य चौकीमा सिटामोलसमेत पाँइदैन । मन्त्रालयदेखि विभाग, शाखा, उपशाखा, अस्पताल, स्वास्थ्य चौकीसम्म दुर्गन्धित राजनीतिको बोलवाला रहेको छ । अस्पतालमा बिरामीको कसरी उपचार गर्ने भन्ने चिन्तन छैन । राजनीतिक टीका टिप्पणी मात्र हुन्छ । अनि कसरी सुनि सक्छ। नेपालको स्वास्थ्य क्षेत्रलाई स्वस्थ्य बनाउन पनि दुर्गन्धित राजनीतिबाट अलग्गै बनाउनु पर्छ । राज्यको एउटा महत्वपूर्ण अङ्ग भनेको कर्मचारी प्रशासन हो । कर्मचारी प्रशासनलाई राष्ट्रको स्थायी सरकार भनिन्छ । कर्मचारी प्रशासन पनि दुर्गन्धित राजनीतिले झन् धेरै थला परेको छ ।

राज्यका सबै अङ्गलाई सन्तुलित र व्यवस्थित गराउने, नियन्त्रण गर्ने, निर्देशन दिने अङ्ग कर्मचारी प्रशासन हो । वास्तवमा राजनीतिलाई अङ्कुश लगाउने मुख्य दायित्व कर्मचारी हो । कर्मचारीले कानून अनुसार यो काम गर्नुहुन्छ र यो काम गर्नु हुँदैन भनेर आफूले पनि गलत नगर्ने र अरुलाई पनि गलत गर्न नदिने हो भने भ्रष्टाचारको अन्त्य हुन्छ । कर्मचारी आफैं कसरी लुट्न सकिन्छ र कताबाट जोगिन सकिन्छ भनी राजनीतिक दलको छ्त्र छायाँमा पुग्छ र प्रशासनमा राजनीति भित्र्याउन सफल हुन्छ । दलका नेता तथा कार्यकर्ता सरकारी सम्पत्तिको दुरुपयोग गर्न कर्मचारीलाई दुर्गन्धित राजनीति भित्र छिराउँछन् र चोखो बन्ने प्रयत्न गर्छन् । नेपालका कर्मचारीमात्र देश र जनताप्रति प्रतिबद्ध भइ भ्रष्टाचार नगर्ने हो भने देश भ्रष्टाचारमुक्त बन्न सक्छ । कानूनी प्रक्रिया मिलाई नेपालमा नीतिगत भ्रष्टाचारलाई कर्मचारी प्रशासनले रोक्न सक्छ । दुर्गन्धित राजनीतिबाट कर्मचारी प्रशासन र सबै संवैधानिक निकायलाई अलग्गै राख्न सक्ने हो भने नेपालको आमूल परिवर्तन हुन सक्छ । अखितयार दुरुपयोग अनुसन्धान आयोग जस्ता राज्यका महत्वपूर्ण निकायमा जतासुकै राजनीतिक भागबण्डाका आधारमा नियुक्त गरिन्छ । अनि त्यसबाट एउटा स्वच्छ, सफा, चुस्त र दुरुस्त सेवा प्राप्त गर्न सकिन्छ भन्नु कल्पना मात्रै हो । आज नेपाललाई भ्रष्टाचारको जटिल अवस्थामा पुर्याउने मुख्य कारक नै कर्मचारी प्रशासनमा दुर्गन्धित राजनीतिको प्रवेश र हालीमुहाली हुनु हो ।

कर्मचारीले कानूनलाई सही तरीकाले पालन र कार्यान्वयन गर्ने हो भने भ्रष्टाचार, नातावाद, कृपावाद, चाकरी र चाप्लुसी सबैको अन्त्य हुन्छ । नेपालको दुर्गन्धित राजनीतिले आज न्यायालय पनि चोखो हुन सकेको छैन । न्यायालयमा नै दलका नेता र कार्यकर्ता भागबण्डाका आधारमा न्यायाधीश बनाइन्छ । दलको नेताले कस्तो न्याय दिन सक्ला र ? न्यायपालिकाले कार्यपालिकामा हस्तक्षेप गर्ने, मन्त्रीमा भाग खोज्ने, विवादास्पद फैसला सुनाउने, पेशी व्यवस्थापन मनपरी गर्ने, न्यायाधीश राजनीतिक मुद्दामा केन्द्रित हुने, पैसाको आधारमा मुद्दाको निर्णय गर्ने आदि जस्ता गलत क्रियाकलापले गर्दा न्यायपालिका पनि विश्वासयोग्य हुन सकेको छैन ।

न्यायालय नै भ्रष्टाचारको अखडा बनेको परिभाषित भएको देखिन्छ । शक्तिपृथकीकरण र सन्तुलनको सिद्धान्त हात्तीका देखाउने दाँत मात्र भएका छन् । कुनै अङ्ग वा क्षेत्र भ्रष्टाचारमुक्त छैन । भ्रष्टाचारी राजनीतिक ओतमा जोगिएको छ । राज्यका सबै अङ्गहरूमा कहिँ न कतैबाट दुर्गन्धित राजनीति छिरेको छ । सबै क्षेत्रहरू शुद्ध र सफा छैनन् । विगत लामो समयदेखि हरेक निकायमा दुर्गन्ध फैलिएको छ । देशलाई सही मार्गमा हिँडाउन र समृद्ध मुलुक बनाउन अबको पहिलो काम भनेको राजनीतिलाई शुद्ध बनाउनु पर्छ । राजनीतिलाई पेशा होइन पवित्र सेवाको रुपमा स्थापित गराउनु पर्छ । अनिमात्र नयाँ नेपालको सपना साकार हुनसक्छ । अहिलेसम्म भएको अराजनीतिक गतिविधिलाई अन्त्य गरेर स्वच्छ, मर्यादित र संस्कारिक राजनीति गरिनुपर्छ ।

*-हाम्रा कुरा डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कला र गलाको प्रभाव बढ्नेछ । | **तुला** : व्यापार व्यवसायमा रुची बढ्ने देखिन्छ । उपहार पाइने सम्भावना छ । |
| **वृष** : समाजसेवामा मन लाग्नेछ । उपकार गरेर अरुको मन जित्न सकिनेछ । | **वृश्चिक** : मंगल कार्यको योग छ । चिताएको कामले तीव्रता लिनेछ । |
| **मिथुन** : मनमा चञ्चलता बढ्नेछ, तर साँझमा शुभ समाचार सुन्नमा आउला । | **धनु** : आय आर्जनका क्षेत्रमा सुधार आउनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **कर्कट** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मान प्रतिष्ठामा वृद्धि होला । | **मकर** : अचल सम्पत्ती हात पर्न सक्छ । धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । मंगल कार्यको योग छ । | **कुम्भ** : व्यर्थको यात्रामा जान बाध्य भइएला । मन खिन्न हुने स्थिति आउनेछ । |
| **कन्या** : कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत पनि बढ्ला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |



# महिनावारी कप : प्रयोग गर्न सहज र किफायती



महिनावारी भएको बेला प्रयोग गर्ने विभिन्न सामग्री बजारमा पाइन्छ । विभिन्न गुणस्तरका सेनिटरी प्याड, टेम्पोन, महिनावारी कप लगायत । तर, अहिले पनि नेपालमा अधिकांश महिलाले कपडाको प्याड (टालो) प्रयोग गर्ने गरेका छन् । सबैको पुहँचमा सेनिटरी प्याड अझै छैन । तर, पछिल्लो समय युवती, किशोरीहरुमा भने महिनावारी कप लोकप्रिय भइरहेको छ । प्रयोग गर्न सहज, सुलभ र फेरिरहन झन्झट नहुने भएकाले यसको प्रयोग राम्रो हुने प्रयोगकर्ताहरु बताउँछन् ।

स्नातक पहिलो वर्षमा अध्ययनरत बानेश्वरकी कमला घिमिरेले महिनावारी कप प्रयोग गर्न थालेको ६ महिना भएको बताउँछिन् । महिनावारी कप प्रयोगबारे धेरै अघिदेखि सुन्दै आएको, ट्युटरियल भिडियोहरु देख्दै आएको भएपनि प्रयोग गर्न हिच्किचाहटका कारण धेरैपछिबाट मात्रै प्रयोग गर्न थालेको बताउँछिन् । अहिले उनलाई सहज र सस्तो हुने अनुभव गरेकी छन् । उनी भन्छिन्, 'प्रयोग नगरेसम्म कसरी प्रयोग गर्ने होला भन्ने लाग्ने रहेछ । पहिलो पटकको पहिलो दिन अलि असहज जस्तो हुने रहेछ । त्यसपछि त सहज हुन्छ ।' उनी ८ सय रुपैयाँ मूल्य पर्ने कप प्रयोग गरिरहेकी बताउँछिन् । भन्छिन्, 'सेनिटरी प्याडभन्दा यो धेरै सस्तो हुने रहेछ । प्याड प्रयोग गर्दा वर्षमा कम्तिमा पनि दुई हजार रुपैयाँ खर्च हुन्छ । कप एक पटक किनेपछि कम्तिमा पनि पाँच वर्ष प्रयोग गर्न सकिन्छ ।' कक्षा १२ मा पढ्ने कुपण्डोलकी सुष्मा कार्कीले महिनावारी कप प्रयोग गर्न थालेको एक वर्ष भएको सुनाउँछिन् । उनले महिनावारी कप प्रयोग गर्दा धेरै सहज हुने साथीहरुको अनुभव सुनेपछि उनले पनि प्रयोग गर्न थालेको बताउँछिन् । उनी भन्छिन्, 'मैले सुन्न त नौ कक्षा पढ्दादेखि सुनेको तर प्रयोग गरेको थिइनँ । साथीहरुले सहज हुन्छ भनेपछि चलाउन थालेको अहिले त सजिलो लाग्छ ।' सुष्मालाई महिनावारी कप प्रयोग गर्नुको अर्को राम्रो पक्ष भनेको शौचालय जाँदा भुईंमा रगत नचुहिनु हो । भन्छिन्, 'कहिलेकाहीं ट्वाइलेटमा पानी नभएको बेला पनि जानुपर्ने हुन्छ । त्यसमा बेला रगत चुहिन्छ, तर बगाउने पानी पनि हुँदैन । कप लगाएपछि त्यो समस्या हुँदैन ।' कक्षामा उनका चार जना केटी साथीहरु छन् । ती सबैले आजभोलि महिनावारी कप प्रयोग गर्ने गरेको बताउँछिन् । यी कारण अहिलेको किशोरी तथा युवतीहरुमा महिनावारी कपको लोकप्रियता बढ्दै गइरहेको पाइन्छ । यो सहज, सुलभ र वातावरणमैत्री भएकाले प्रयोगकर्ताको संख्या बढेको स्त्री तथा प्रसूति रोग चिकित्सक कुमकुम झा बताउँछिन् । सरसफाइमा ध्यान दिएर सुरक्षित तरिकाले चलाउने हो भने सजिलो र सेनिटरी प्याडको तुलनामा सस्तो पर्न जाने डा.झा बताउँछिन् । महिनावारी कप सहरी क्षेत्रका महिलालाई भन्दा ग्रामीण क्षेत्रका महिलालाई अझ बढी उपयोगी हुन्छ । डा.झा भन्छिन्, 'गाउँघरमा भनेको बेला सेनिटरी प्याड सहजै किन्न पाइँदैन । समय समयमा फेरिरहन समस्या हुन्छ । कपडाको प्याड सरसफाइ गरिरहन समय हुँदैन त्यस्ताको लागि एकदम उपयोगी चिज हो ।' महिनावारी कप सिलिकनबाट बनेको हुँदा मानिसको छालालाई असर नगर्ने, एकदमै नरम हुने हुँदा योनीमा छिराउँदा समस्या नहुने, सफा गर्न सजिलो हुने र यसको प्रयोग गर्दा एलर्जी हुने सम्भावना नहुने उनको भनाइ छ ।

**कसरी प्रयोग गर्ने ?**

आफूले प्रयोग गर्ने कपको साइज थाहा पाउनुपर्छ । सिलिकनबाट बनेको यो कप नरम हुन्छ । कपलाई 'सी' आकारमा दोबारेर विस्तारै योनीभित्र राख्नुपर्छ । त्यहाँ राखेपछि दोब्राएको कप आफैं खुल्न गई रगत नचुहिने गरी सिल भएर बस्छ । सिल हटाउनको लागि कपको तलको भाग हल्लाउनुपर्छ र तान्नुपर्छ । यसको प्रयोग सुरुको केही समय असहज भएपनि बानी पर्दै गएपछि सहज हुन्छ । यसको प्रयोगबारे बिक्रेताले पनि सिकाउँछन् । अथवा युट्युबमा 'ट्युटरिलयल' भिडियोहरु देख्न सकिन्छ । त्यो हेरेर पनि प्रयोग गर्न सकिन्छ ।

**कप सफा गर्ने तरिका**

यो कप पुन: प्रयोग गर्न मिल्ने सामग्री हो । पुन: प्रयोग गर्नको लागि एकदमै सफा बनाउनुपर्ने हुन्छ । कप प्रत्येक ८ देखि १२ घण्टामा खाली गर्नुपर्ने हुन्छ । रगतले कप भरिएपछि पखालेर पुन: प्रयोग गर्न सकिन्छ । महिनावारी सकिएपछि पाँचदेखि दश मिनेटसम्म तातोपानीमा उमाल्नुपर्छ । यसरी उमालेपछि सुख्खा बनाएर सुरक्षित स्थानमा राख्नुपर्छ । त्यही कप अर्को पटक महिनावारी हुँदा कप प्रयोग गर्न सकिन्छ । यसको प्रयोग गर्दा सरसफाइमा मुख्य ध्यान दिनुपर्ने स्त्री तथा प्रसूति रोग चिकित्सक कुमकुम झा बताउँछिन् ।

**कुन उमेरकाले कुन साइज प्रयोग गर्ने ?**

महिनावारी कप बजारमा तीनवटा साइजमा पाइन्छ । स्मल, मिडियम र लार्ज । यसको प्रयोग प्रयोगकर्ताको उमेर अनुसार गर्न सुझाव दिने गरिन्छ । १९ वर्षभन्दा कम उमेर समूहका लागि स्मल साइज, १९ देखि ३५ वर्ष उमेर समूहकाले मिडियम र ३५ वर्षभन्दा माथि उमेर समूहकाले लार्ज साइजको प्रयोग गर्न सकिन्छ ।

**कति मूल्यमा पाइन्छ ?**

एउटा महिनावारी कपको मूल्य ८ सय रुपैयाँदेखि तीन हजारसम्म पर्ने नेपाली बजारमा पाइन्छ । एकैपटक धेरै पैसा तिर्नुपर्दा महँगो लागेपनि एकपटक एउटा महिनावारी कप किनेपछि कम्तिमा पाँच वर्षसम्म चलाउन मिल्छ । जबसम्म बिग्रँदैन तबसम्म प्रयोग गर्दा फरक नपर्ने स्त्री तथा प्रसूति रोग चिकित्सक डा. कुमकुम झा बताउँछिन् । यसरी पटकपटक प्रयोग गर्न मिल्ने भएकाले प्याडभन्दा कप किफायती हुने प्रयोगकर्ताहरु बताउँछन् ।

*-अनदलाइन खबर डटकम*

**बीमा पोलिसी (बोण्ड) हराएको सूचना**

मिति २०७८ असोज १ गतेका दिन मेरो निम्न विवरणको नेपाल लाइफ इन्स्योरेन्सद्वारा जारी बीमा पोलिसी (बोण्ड) पाल्पाको तानसेनदेखि प्रभासतर्फ जाने क्रममा हराएको हुँदा र खोजतलास गर्दा समेत नभेटिएकोले फेला पार्नुहुने महानुभावले नजिकको शाखा कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** सन्तोष पाण्डे
**ठेगाना :** तानसेन-८, पाल्पा
**बीमा पोलिसी नं. :** ३०२०००२६३
**सम्पर्क नं. :** ९८५७०६०२७७

# के छारे रोगको उपचार सम्भव छ ?



मस्तिष्कमा रहेको साना असंख्य कोशिकाहरूमा अत्याधिक मात्रा विद्युतीय तरङ्ग बन्ने स्थितिलाई छारे रोग भनिन्छ । यद्यपि समुदायमा छारे रोगबारे धेरै भ्रमहरू कायम छ । विश्वभरका १० प्रतिशत मानिसमा आफ्नो जीवनकालमा एउटा दौरा हुन सक्ने अध्ययनहरूले देखाएको छ । एउटा दौराले मात्रै (इपिलेप्सी) अर्थात् छारे लाग्यो भनेर भन्न नमिल्ने राष्ट्रिय न्यूरो सेन्टर महाराजगञ्जका वरिष्ठ न्यूरोलोजिष्ट डा. लेखजंग थापा बताउँछन् । छारे रोग भन्नाले दुई वा सो भन्दा बढी विना उत्तेजित दौरा पर्नुलाई भनिने वरिष्ठ न्यूरोलोजिष्ट थापाको भनाइ छ ।

छारे रोग संसारको सबैभन्दा पुरानो रोगमा पर्छ । यो रोग आज भन्दा ४ हजार ईसा पूर्वमा समेत रेकर्ड रहेको पाइन्छ । छारे रोगलाई समाजमा त्रास, भ्रम, भेदभाव गर्नुका साथै सामाजिक कलङ्कको रूपमा चित्रण गरिँदै आएको राष्ट्रिय न्यूरो सेन्टर महाराजगञ्जका न्यूरोलोजिष्ट डा. सुमन भट्टराईको भनाइ छ । समुदाय छारे रोग निको हुँदैन भन्ने भ्रम पैदा भए पनि यस रोगको उपचार सम्भव रहेको चिकित्सकहरू बताउँछन् । छारे रोग भएका ७० प्रतिशत मानिसहरूको उचित उपचारले दौरामुक्त जीवन बनाउन सकिने वरिष्ठ न्यूरोलोजिष्ट डा.भट्टराईको भनाइ छ । डा.सुमन भट्टराईका अनुसार छारे रोगको लक्षणहरू यस्ता हुन्छन् ।

-झट्का लाग्ने
-दह्रो हुने
-काँप्ने
-सन्तुलन बिग्रने आँखा माथि फट्याउने
-टोलाएर बस्ने
-कुनै पनि कुरालाई प्रतिक्रिया नदिने मुखबाट फिँज निकाल्ने
-एक्कासि बेहोस हुने
-जिब्रो ओठ टोक्ने
-थाहा नपाई दिसा वा पिसाब गर्ने

**छारे रोग हुनुका कारण**

१. शारीरिक विकासको कमी वा बच्चालाई हुने कारण

जन्मपूर्व वा प्रसवपूर्व नै मस्तिष्कमा क्षति हुँदा जस्तै, जन्मने क्रममा अक्सिजन कम हुँदा, वजन, जन्मजात असामान्यताहरू वा आनुवंशिक अवस्थाहरू, मस्तिष्क विकृतिहरू, वंशाणुगत वा जन्मजात छारे रोग लाग्नुको कारण हो ।

यस्तै, मस्तिष्कलाई असर पार्ने कारणले पनि छारे रोग हुन्छ । जस्तै:

-टाउकोमा गम्भीर चोटपटक लाग्दा
-मस्तिष्कको पक्षघात हुँदा
-मस्तिकमा अक्सिजनको मात्रा सीमित गर्ने स्ट्रोक हुँदा
-मस्तिष्कको ट्यूमर हुँदा
-कुनै कुनै औषधि जस्तै एन्टी साइकियाट्रिक, एन्टी डिप्रेसन आदिका कारण पनि छारे रोग लाग्न सक्छ ।

**छारे रोगको संक्रमण र जीवनशैलीका कारण पनि हुन्छ**

-इन्सेफालाटिसको संक्रमण
-मेनिन्जाइटिस रोग लाग्दा
-जुकाका अण्डा दिमागमा फैलँदा
-चिन्ता लिने कम सुत्ने
-लागूपदार्थ सेवन गर्ने
-मद्यपान, धुम्रपान गर्दा
-धेरै मानसिक तनाव लिँदा
-रक्सी चटक्कै छोड्दा

**छारे रोग भएको समयमा नजिकैमा मानिसले यस्ता कुरामा ध्यान दिनुपर्छ**

-नआत्तिने शान्त रहनुका साथै समय हेर्ने
-खतरा कुराहरू बाट टाढा राख्ने जस्तै आगो, पानी, धारिलो हतियार आदिबाट
-बिरामीलाई दरो गरेर नसमाउने
-बिरामीलाई कोल्टो पारेर सुताउने

**यस्तो कुरा गर्न हुँदैन**

-मुखबाट र्‍याल चुहिँदा चम्चा वा कुनै पनि चिज बिरामीको मुखमा नराख्ने
-जुत्ता, मोजा, प्याज जस्ता दुर्गन्ध चिजहरू नसुघाउने
-वरिपरी मान्छेको भिड लाग्न नदिने छारे रोगका बिरामीले यस्ता कुरामा ध्यान दिनुपर्छ ।
-नियमित रूपमा औषधिको सेवन गर्ने ।
-आफूखुसी औषधि घटाउने, बढाउने र छाड्ने नगर्ने ।
-छारे रोगका बिरामीले जोखिमपूर्ण काम नगर्ने जस्तै रुखमा नचढ्ने, नपौडिने र ड्राइभिङ गर्न हुँदैन ।

विश्वमा इपिलेप्सी अर्थात् छारे, मिर्गी रोगबाट करिब ५ करोड मानिस ग्रसित रहेको अनुमान गरिएको छ । छारे रोग भएका करिब ८० प्रतिशत मानिसहरू कम र मध्यम आय भएका देशहरूमा बस्ने अध्ययनहरूले देखाएको छ । *-रातोपाटी डटकम*

सत्यवती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**मिति : २०७८/१०/२७**

यस कार्यालयका लागि आ.व. २०७८/०७९ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित कार्यदरभाउपत्रका माध्यमबाट गर्नु गराउनुपर्ने भएकोले सम्बन्भित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै विस्तृत जानकारीको लागि यस कार्यालयको webite:satyawatimun.gov.np मा हेर्नुहुन अनुरोध छ ।

| क्र.स | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.कर शाहेक) | धरौटी | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | 01-SQ/2078-079 | Computed Radiography System | १३,२७,४३३/६३ | ३६,५००/०० | १,०००/०० |

**प्रमुख प्रशासकीय अधिकृत**

Invitation for Bids
**Musikot Municipality**
**Office of the Municipal Executive**
Wamitaksar, Gulmi, Lumbini Province, Nepal

## Invitation for Sealed Quotation

***Date of publication:- 2078/10/28***

1. ***The Musikot Municipality*** invites sealed quotations from registered firm for construction of desantari mai mandir nirman under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at ***Musikot Municipality, Wamitaksar, Office number:- 079-412145***
3. A complete set of Bidding Documents may be purchased from the office ***Musikot Municipality, Wamitaksar, Gulmi*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs.1000 till 2078/11/13 during office hours.

**Name of the Bank: Global Ime Bank Ltd**

**Name of Office: Musikot municipality**
**Office Code no. :365005212**
**Office Account no.: 7204010000004.**
**Rajaswa (revenue) Shirshak no. : 14227**

4. Sealed bids must be submitted to the office Musikot Municipality by hand on or before ***2078/11/14, 12.00 PM.*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2078/11/14 at 1 pm*** at the office of ***Musikot Municipality.*** Bids must be valid for a period of 45days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security ***at global ime bank dharauti khata no 7204010000002,*** which shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject,wholly or partly any or all the sealed quotations without assigning any reason,whatsoever.

| s.n | Description of works | Contract identification no | Bid security amount | Remarks |
|---|---|---|---|---|
| 1 | Construction of temple | MM/NCB/GOODS/SQ/TC /01/2078-79 | 25,000 | |

# राष्ट्रिय भूमि आयोग गुल्मीद्वारा रणनीति सार्वजनानिक



**गुल्मी,** माघ २७/राष्ट्रिय भूमि आयोग जिल्ला समिति गुल्मीले आगामी रणनीति सार्वजनिक गरेको छ । समितिले पत्रकार सम्मेलन गरी आगामी कार्यक्रम तथा रणनीति सार्वजनिक गरेको हो ।

राष्ट्रिय भूमि आयोगका जिल्ला अध्यक्ष राम मल्ल ठकुरीले आगामी कार्यक्रम तथा रणनीति सार्वजानिक गरेका हुन् । रणनीति सार्वजनिक गर्दै अध्यक्ष मल्लले स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि र सबै सरोकारवालाहरुको उपस्थितिमा तत्काल अन्तर्क्रिया कार्यक्रम गर्ने बताएका छन् । उनले स्थानीय तहमा भएका भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबासीहरुको लगत संकलन गरेर उनीहरुलाई जग्गा प्रदान गर्ने कार्यक्रम अगाडि बढाइने बताए । विद्यालय र मन्दिरको जग्गा नक्साङ्कन गर्ने, वास्ताविक सुकुम्बासीहरुको पहिचान गरेर कसैलाई नछुटाई उनीहरुलाई जग्गा अनिवार्य रुपमा दिलाउने र आफ्नो कार्यकालमा सकेसम्म भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबवासीहरुको अन्त्य गर्ने रणनीति रहेको अध्यक्ष मल्लले बताए । समितिमा ८ जना कर्मचारीहरुले भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोवासीहरुलाई जग्गा दिलाउन काम गर्ने छन् । जसमा ४ जना राजनीतिक दलबाट नियुक्त हुने छन् । अध्यक्षमा ठकुरी नेकपा एकीकृत समाजवादी पार्टीबाट नियुक्ती भइसकेका छन् । अब नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र राष्ट्रिय जनमोर्चाबाट एक जना विज्ञ सदस्य र २ जना सदस्यहरु नियुक्त हुने छन् । अहिले पर्याप्त जग्गा नहुनेलाई राष्ट्रिय भूमि आयोगले कृषि गर्न चाहानेलाई सार्वजनिक जग्गा दिने समेत भएको छ । अव्यवस्थित बसोवासीहरुलाई २ रोपनीका दरले जग्गा प्रदान गरिने प्रावधान छ । गुल्मीमा ४ सय ३५ जना भूमिहिन दलित, ३ सय ९० जना भूमिहिन सुकुम्वासी र १ हजार ४ सय ४४ जना अव्यवस्थित गरेर २ हजार २ सय ६९ जना भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरु रहेका छन् । कार्यक्रममा पत्रकारहरुले कुनै राजनीतिक आस्थाका कारण वास्ताविक सुकुम्वासी नछुटाउन र गैर सुकुम्वासीलाई जग्गा दिने काम नगर्न राष्ट्रिय भूमि आयोग जिल्लाका अध्यक्ष राम मल्ल ठकुरीलाई आग्रह गरेका छन् । राष्ट्रिय भूमि आयोग अहिले देशभर २८ जिल्ला र लुम्बिनी प्रदेशका ४ जिल्लामा मात्र गठन भएको छ ।

# जेष्ठ नागरिकको घरमै स्वास्थ्य परीक्षण



**रामपुर,** माघ २७/जिल्लाको पूर्वखोला गाउँपालिकाले घरमै पुगेर जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण सुरु गरिएको छ । यहाँका ७० वर्ष माथिका नागरिकको घर-घरमा पुगेर स्वास्थ्य परीक्षण तथा परामर्श सेवा दिने गरिएको छ ।

प्रदेश सरकार र पूर्वखोला गाउँपालिकाको सहयोगमा स्वास्थ्य परीक्षण थालिएको गाउँपालिका अध्यक्ष नुनबहादुर थापाले बताए । गाउँपालिकामा बसोबास गर्ने ७० वर्ष उमेर पुगेका एक हजार तीन जना जेष्ठ नागरिक र ४९ जना फरक क्षमता (अपाङ्गता) भएकाको स्वास्थ्य परीक्षण गर्ने कार्यक्रम रहेको छ । यो अभियान फागुन ८ सम्म सञ्चालन हुने स्वास्थ्य शाखा प्रमुख मोहन ढकालले बताए । परीक्षणका क्रममा उनीहरुको स्वास्थ्य अवस्थाबारेमा जानकारी लिएर आवश्यक परामर्श, खानपान र स्याहारका सम्बन्धमा जानकारी दिने, सामान्य उपचार, आँखा र कानको परीक्षणसहित नौ क्षेत्रमा रहेर स्वास्थ्य परीक्षण गरिनेछ । अघिल्ला वर्षमा ८४ वर्ष माथिका जेष्ठ नागरिकको घरमै पुगेर स्वास्थ्य परीक्षण गरिएको थियो भने यसवर्ष ७० वर्ष माथिका नागरिकको स्वास्थ्य परीक्षणसहित ८० वर्ष माथिका नागरिकलाई पौष्टिक आहार र कम्बल वितरण कार्यक्रम रहेको छ । पहिलो दिन पूर्वखोला -३ रिङ्नेरह बस्ने ९८ वर्षीय लक्ष्मीनारायण तिमिल्सिनाको स्वास्थ्य परीक्षण गरी कार्यक्रम सुरु गरिएको छ । *-रासस*

## खेलकुद समाचार

# एनएनआईपीए स्पोर्टस् अवार्ड फागुनमा



**काठमाडौं,** माघ २७/नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ (एनएनआईपीए) ले आयोजना गर्ने एनएनआईपीए स्पोर्टस् अवार्ड १७ फागुनमा हुने भएको छ । आयोजकले बिहीबार पत्रकार सम्मेलन गर्दै अवार्ड ललितपुरस्थित वज्रवाराही मन्दिरमा हुने जनाएको हो ।

यस पटक ओलम्पिक कमिटीबाट आधिकारिकता प्राप्त २७ खेलका खेल संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा देखाएको उच्च प्रदर्शनका आधारमा छनोट गरी सिफारिस गरिएको खेलाडीहरूलाई पुरस्कार प्रदान गर्ने संघले जनाएको छ । २७ खेलका उत्कृष्ट खेलाडीले १० हजार रुपैयाँ सहित ट्रफी प्राप्त गर्नेछन् । यस्तै उत्कृष्ट खेलाडी मध्येबाट एक पुरुष र एक महिला सर्वोत्कृष्ट खेलाडी चयन गरिने छ । जसले नगद १ लाख पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी एक पुरुष र एक महिला प्रतिभाशाली खेलाडी चयन गरिने र विजयीले ५० हजार प्राप्त गर्ने छन् । एक पुरुष र एक महिला उदीयमान खेलाडी चयन गरी ५० हजार नगदले सम्मान गरिने छ । एक पाका खेलाडी जसले खेलकुदमा जीवन व्यतीत गर्नुका साथै खेलकुदको विकासमा योगदान पुऱ्याएका छन् उनलाई गजराज आदर्श खेल व्यक्तित्व पुरस्कार बाट सम्मान गरिने छ । यस्तै एक खेल पत्रकारलाई एनएनआईपीए खेल पत्रकार पुरस्कारबाट सम्मान गरिने छ । जसमा नगद २५ हजार रहेको छ । यस्तै एक जना वर्ष उत्कृष्ट पारा खेलाडी हुनेछन् । जसले १० हजार पाउनेछन् ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# कुसुम बहुउद्देयीय सहकारीले मनायो वार्षिक उत्सव



**शर्मिला थापा मगर**

**पाल्पा,** माघ २७/वित्तीय कारोबार गर्दै आएको कुसुम बहुउद्देयीय सहकारी संस्था लिमिटेड तानसेनले प्रथम वार्षिक उत्सव मनाएको छ । सहकारीले तानसेनमा बिहीबार एक औपचारिक कार्यक्रमको आयोजना गरी वार्षिक उत्सव मनाएको हो ।

वार्षिक उत्सवको पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष राजु महर्जनले उद्घाटन गरेका हुन । उत्सवको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका महर्जनले आर्थिक समृद्धिको आधार सहकारी रहेको बताए । उनले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन सहकारीलाई आग्रह गरे । अहिले सहकारीमा विभिन्न किसिमका समस्याहरु आएको र समस्याको समाधान गर्न सहकारी संस्थाहरु एकजुट भएर लाग्नुपर्नेमा अध्यक्ष महर्जनले जोड दिए । उनले आर्थिक क्षेत्रमा सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गरेको र बैंकले लगानी नगरेका कृषिक्षेत्रमा सहकारीले लगानी गरेर ठूलो योगदान पुऱ्याएको धारणा व्यक्त गरे । कार्यक्रममा कमला शर्मा, कमल ढकाल लगायतले सहकारीको सफलताको शुभकामना व्यक्त गरेका थिए । सहकारीका अध्यक्ष सुरेश ढकालले सहकारीले मुनाफा गर्ने मात्र नभई स्वरोजगार कार्यक्रमलाई बढवा दिदै अगाडि बढेको बताए । अध्यक्ष ढकालले कुसुम सहकारी बजारमा मात्र नभई गाउँपालिका तथा वडा-वडामा पुगेर काम गर्दै जाने धारणा व्यक्त गरे । उनले सहकारीलाई नेपालकै नमूना सहकारी बनाउने उद्देश्य लिइएको समेत बताए । सोही अवसरमा सहकारीको समन्वयमा अर्गानिक डिभाईन ग्रुप प्रालिले स्वास्थ्य जनचेतना कार्यक्रम समेत गरेको थियो । 'हरेकको आय हरेकको व्यवसाय' भन्ने मूल नाराका साथ अगाडि बढेको सहकारीले पाल्पा, गुल्मी र रुपन्देही जिल्लालाई कार्यक्षेत्र बनाएर काम गर्दै आएको छ । सहकारीका अध्यक्ष सुरेस ढकालको अध्यक्षता, रमा पन्तको स्वागत, हिरा आचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।







# शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०७८/१०/२८**

उपयुक्त सम्बन्धमा यस श्री जनप्रकाश आ.वि. पूर्वखोला गाउँपालिका २ जल्पा पाल्पाको मिति २०७८/१०/२७ को वि.व्य.स.को निर्णय अनुसार पूर्वखोला गा.पा. शिक्षा शाखाको सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाई, पाल्पाको च.नं. २०९ तथा मिति २०७८/१०/२७ गतेको विज्ञापन अनुमति पत्रानुसार यस विद्यालयमा प्रा.वि तृतीय करार शिक्षक पदपूर्ति गर्नुपरेको हुँदा इच्छुक योग्य नेपाली नागरिकहरुबाट तपसिल बमोजिम दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.** : १/०७८-०७९, **पद** : शिक्षक
**तह** : प्रा.वि, **पद संख्या** : १ जना
**किसिम** : करार, **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**न्यूनतम शैक्षिक योग्यता** : +२ उत्तीर्ण वा सो सरह
**तलब स्केल** : नेपाल सरकारको नियमानुसार, **दरखास्त दस्तुर** : रु. ५००/-
**दरखास्त दिने अन्तिम मिति** : २०७८/१०/१३ (विद्यालय समय)
**सर्म्पक मिति** : २०७८/१०/१४ गते विद्यालय समयभित्र
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ। **परीक्षाको किसिम** : लिखित र अर्न्तवार्ता
**आवश्यक कागजातहरु** : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, अध्यापन अनुमति पत्रको प्रतिलिी, निरोगिता प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, हस्त लिखित निवेदन १ प्रति
सम्पर्क नं. : प्र.अ. ९८४७३०५८८५, ९८४८९१४७१२ अध्यक्ष

**श्री जनप्रकाश आधारभूत विद्यालय**
पूर्वखोला गाउँपालिका -२, जल्पा, पाल्पा



# १५ दिने दावी विरोध सम्बन्धी सूचना

*मिति : २०७८/१०/२८*

प्रस्तुत विषयमा तानसेन नगरपालिका वडा नं. ३ भगवतीटोल स्थायी ठेगाना भई साविक पूर्वखोला गा.पा.-५ स्थित जगविर रानाको नातिनी खेमबहादुर रानाको छोरी दिलमाया गैंरेको नाममा दर्ता कायम रहेको कित्ता नं. २२१ क्षेत्रफल ०-४-२-० को जग्गामा घर बनाउन लागेको र पश्चिम तर्फको सधीयार विष्णु राना सम्पर्कमा नआएकाले उक्त हाम्रो जग्गामा घर निर्माणको लागि नक्सा पास हुन नसकेकाले यो सूचना प्रकाशित गरिएको छ । जग्गाधनी दिल माया गैरेले प्रकाशित गरेको सूचना मितिले १५ दिनभित्र सधीयार विष्णु राना कुनै दावी विरोध रहेमा स-प्रमाण सहित तानसेन नगरपालिका कार्यालयको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नाप नक्सा तथा निर्माण कार्य सूचारु हुने यसै सूचनाबाट जानकारी गराइन्छ ।
इति सम्वत २०७८ साल माघ २८ गते रोज ६ शुभम्...।



# शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०७८/१०/२६**

शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०७८/१०/२६ च.नं. १००३ को करार शिक्षक नियुक्तीको अनुमती पत्रानुसार यस विद्यालयलाई निम्न लिखित योग्यता प्राप्त शिक्षक आवश्यकता परेकोले १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट रितपूर्वक तपसिल अनुसार दरखास्त दिनुहुन आह्वान गरिन्छ ।

**तपशील** :
**विज्ञापन नं.** : ०१/०७८/७९
**पद संख्या** : १ जना, **तह** : मा.वि.
**नियुक्तिको प्रकार** : करार
**न्यूनतम शैक्षिक योग्यता** : वि.एस्सी. वा सो सरह उत्तिर्ण गरी माध्यमिक तहको अध्यापन अनुमति प्राप्त गरेको ।
**तलब स्केल** : नेपाल सरकारको प्रचलित नियमानुसार
**दरखास्त दस्तुर** : रु. १०००/-
**दरखास्त दिने अन्तिम मिति** : २०७८/११/११ कार्यालय समयभित्र ।
**सर्म्पक मिति** : २०७८/११/११ गते ४:०० बजेपछि ।
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ ।
**परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता
**आवश्यक कागजातहरु** : दरखास्त निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र प्रतिलिपि २/२ प्रति
**सम्पर्क** : ९८५७०६२४८१ (प्र.अ.), ९८६७२५७८८८ (अध्यक्ष)

**श्री राधाकृष्ण माध्यमिक विद्यालय**
निस्दी-१, बाकामलाङ, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई